“त्रीधार्मिक तपो:भूमि हलेसी”

# हलेसी तुवाचुङ नगरपालिका

## दुर्छिम, खोटाङ
## कोशी प्रदेश, नेपाल

## आ.व. २०८०/०८१ को बार्षिक प्रगति प्रतिवेदन

# बजेट तथा खर्च तर्फ

- हलेसी तुवाचुङ नगरपालिकाको आ.व. २०८०/०८१ को कुल विनियोजित रु ७० करोड ४७ लाख २४ हजार ५८ रुपैयाँ मध्ये
- प्राप्त भएको आम्दानी तर्फ रु ६५ करोड ५ लाख २६ हजार ६ सय २१ रूपैयाँ (विभिन्न समयमा थप घट भएको योजना समेत) र
- खर्च रु ५८ करोड ९५ लाख ९५ हजार ६ सय ३१ रूपैयाँ (८३.६६ प्रतिशत) भएको छ ।
- खर्च प्रतिशत त्रियासी दसमलव छैसठ्ठी

# सुशासन तर्फ

- आ.व. २०७९/०८० मा विगतका वर्षहरुको तुलनामा बेरुजुलाई ०.५२ प्रतिशतमा झारिएको छ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रत्येक आर्थिक वर्षमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा जिल्लाकै उत्कृष्ट नतिजा सहित प्रथम स्थानमा रहेको छ ।
- यस आर्थिक वर्ष २०८०/०८१ को श्रावन १ गते देखि २०८१ असार २७ सम्म कुल रु १ करोड ५० लाख ९४ हजार ९ सय ३० रुपंयाँ ८० पैसा आन्तरिक राजश्व संकलन गरिएको छ ।जुन गत वर्षको तुलनामा २४.७६ प्रतिशतले बढि रहेको छ ।

# योजनाहरुको विवरण

| क्र.स. | वडा नं. | जम्मा योजना | सम्झौता भएको | सम्पन्न भएको |
|---|---|---|---|---|
| १ | १ | १३ | १३ | १३ |
| २ | २ | १८ | १८ | १८ |
| ३ | ३ | २० | २० | २० |
| ४ | ४ | १७ | १७ | १७ |
| ५ | ५ | १८ | १८ | १८ |
| ६ | ६ | १७ | १७ | १७ |
| ७ | ७ | १८ | १८ | १८ |
| ८ | ८ | १५ | १५ | १५ |
| ९ | ९ | १९ | १९ | १९ |
| १० | १० | ३० | ३० | ३० |
| ११ | ११ | १६ | १६ | १६ |
| १२ | प्रधामन्त्री रोजगार कार्यक्रम | १४ | १४ | १४ |
| १३ | नगरस्तरीय | ७६ | ७६ | ६८ |
| | जम्मा | २९१ | २८८ | २७७ |

# भौतिक पूर्वाधार तर्फ

१) प्रशासनिक कार्य तथा सेवा प्रावाहका लागि यस नगरपालिकाको वडा नं. १, २ र ३ नं. को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको र वडा नं. ४, ६ र १० को वडा कार्यालय भवन निर्माण कार्य भइरहेको छ ।
२) सल्ले स्वास्थ्य चौकी भवन र धितुङ स्वास्थ्य चौकी भवन निर्माण कार्य भईरहेको छ ।
३) हलेसी धर्मशाला निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
४) सुरक्षित नागरिक आवास अन्तर्गत फुसको छानो हटाउन गरिव तथा दिलत वर्गहरुको घरमा जस्ताको छानो लगाउन ४३ घरपरिवारलाई सहयोग प्रदान गरिएको छ ।
५) सामाजिक कार्यका लागि १४ वटा सामुदायिक भवनहरु निर्माण भएको छ ।
६) नगरपालिकाको विभिन्न स्थानहरुमा १७.२६५ कि.मि. नयाँ सडक निर्माण र १६४.७६ सडक मर्मत तथा स्तरोन्नती गरिएको छ ।
७) ३५० मि. सडक ढलान, २९५६.४ मि. नाली (Drain) निर्माण र ११८३.५ घ. मि. सोलिङ गरिएको छ
८) सडक संरक्षणका लागि ग्याविन वाल ४८६ घ.मि. र सुख्खावाल २३१ घ.मि. मर्मत सम्भार गरिएको छ
९) २६ वटा धार्मिक मठ मन्दिरहरुको निर्माण तथा मर्मत कार्य गरिएको छ ।
१०) खानेपानी व्यवस्थापनका लागि १० वटा संरचनाहरु निर्माण तथा २८.२ कि.मि. खानेपानी पाईपलाइन विस्तार गरिएको छ ।
११) वडा नं. ४, ८, ९ र १० मा ४ वटा पार्क निर्माण गरिएको छ ।
सिँचाईका लागि विभिन्न वडाहरुमा २५ वटा पोखरीहरु निर्माण गरिएको छ ।

# भौतिक पूर्वाधार तर्फ






# शिक्षा युवा तथा खेलकुद तर्फ

१) शैक्षिक पुर्वाधार निर्माणमा यस आ.व. भित्र ९ वटा आर.सि.सि. (६ कोठे १ वटा, २ कोठे ५ वटा र ३ कोठे ३ वटा) सामुदायिक विद्यालय भवन निर्माण गरिएको छ ।
२) २८ वटा सामुदायिक विद्यालयको भवन मर्मत तथा व्यवस्थापन गरिएको छ ।
३) शिक्षकहरुको क्षमता विकास गर्नका लागि १५ दिने आधारभुत कम्प्यूटर तालिम तथा प्रशिक्षण दिइएको छ । यस तालिममा १३० जना शिक्षकहरु प्रत्यक्ष लाभान्वित भएका छन् ।
४) शैक्षिक क्षेत्रमा प्रविधिमैत्री र गुणस्तरिय शिक्षा प्रदान गर्न ७ वटा माध्यमिक विद्यालयलाई डिजिटल स्मार्ट वोर्ड तथा १२ वटा माध्यमिक विद्यालयलाई सिक्स कलर प्रिन्टर वितरण गरिएकोछ ।
५) सवै सामुदायिक विद्यालयहरुलाई Revise/updated EMIS प्रयोग सम्बन्धी २ दिने कार्यशाला सञ्चालन गरिएको छ । यस तालिममा ९० जना शिक्षकहरु सहभागी भएका छन् ।

यस वर्ष नगरपालिका भित्र एस.इ.इ. मा सहभागी हुने ३९३ जना विद्यार्थीहरु मध्ये १४० जना विद्यार्थीहरु उतीर्ण भएका छन् । जस मध्ये ७० भन्दा माथि ८० प्रतिशत भन्दा कम अंक ल्याई १० जना विद्यार्थी उतीर्ण भएका छन् जुन गत सालको भन्दा उल्लेख्य रुपमा नतिजामा सुधार भएको छ ।

# शिक्षा युवा तथा खेलकुद तर्फ

१) नगरस्तरीय (कक्षा ४-९ मा) वार्षिक परीक्षामा सहभागी सामुदायिक विद्यालयहरुबाट उत्कृष्ट हुने तहगत सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिएको छ । जस अन्तर्गतः

## माध्यमिक तह

| क्र.स. | विद्यालयको नाम | ठेगाना | नतिजा | पुरस्कार रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी मा.वि. | हलेसी तुवाचुङ न.पा.-४ | प्रथम | १,२५,०००/- | |
| २ | दुर्छिम मा.वि. | हलेसी तुवाचुङ न.पा.-५ | द्वितीय | ४०,०००/- | |
| ३ | मालिका मा.वि. | हलेसी तुवाचुङ न.पा.-१ | तृतीय | २०,०००/- | |

## आधारभूत तह(६-८)

| क्र.स. | विद्यालयको नाम | ठेगाना | नतिजा | पुरस्कार रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | मालिका मा.वि. | हलेसी तुवाचुङ न.पा.-१ | प्रथम | १,००,०००/- | |
| २ | डिकुवा आ.वि. | हलेसी तुवाचुङ न.पा.-२ | द्वितीय | ३०,०००/- | |
| ३ | हिमगंगा आ.वि. | हलेसी तुवाचुङ न.पा.-११ | तृतीय | १५,०००/- | |

# शिक्षा युवा तथा खेलकुद तर्फ

## आधारभूत तह(१-५)

| क्र.स. | विद्यालयको नाम | ठेगाना | नतिजा | पुरस्कार रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | महेन्द्रोदय आ.वि. | हलेसी तुवाचुङ न.पा.-९ | प्रथम | ७५,०००/- | |
| २ | बोझेओडार आ.वि. | हलेसी तुवाचुङ न.पा.-४ | द्वितीय | २०,०००/- | |
| ३ | कलंका आ.वि. | हलेसी तुवाचुङ न.पा.-३ | तृतीय | १०,०००/- | |

१) कक्षा १-३ सञ्चालित सवै विद्यालयमा अध्यापन गराउँने शिक्षकहरुलाई संस्थागत क्षमता विकासका लागि एकिकृत पाठ्यक्रम सम्बन्धी कष्टमाइज्ड तालिम सम्पन्न सम्पन्न गरिएको छ ।

२) Betterment of quality education (शिक्षक मेन्टरिङ) तालिममा १४२ जना शिक्षहरुलाई तालिम प्रदान गरिएको छ ।

# शिक्षा युवा तथा खेलकुद तर्फ











# स्वास्थ्य शाखा तर्फ

१) यस नगरपालिकाको वडा नं. २ डिकुवा छोम्पाङमा शहरी स्वास्थ्य केन्द्र भवन निर्माण गरी सेवा सञ्चालन गरिएको छ ।

२) एम्बुलेन्स सेवा सञ्चालनमा आएपछि एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम २९ जनालाई निशुल्क सेवा र हालसम्म १६७ जनालाई एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।

३) यस आर्थिक वर्षमा गम्भिर प्रकृतिका ३० जना रोगीहरुलाई मासिक रु ५०००/- का दरले त्रैमासिक रुपमा नगद रकम भुक्तानी गरिरहेकाछौं ।

४) यस नगरपालिकाको आर्थिक व्यवस्थापनमा बनेपाको शिर मेमोरियल अस्पतालमा आङखसेका २० जना आमाहरुको यस आ.व.मा सफल अप्रेशन भएको र हालसम्म ४० जना को सफल अप्रेशन भएको छ ।


५) आँखा स्वास्थ्य शिविर सञ्चालन गरी ९१ जनाको आँखा अप्रेशन गरिएको छ साथै ५९० जनाले आँखा सम्बन्धी सेवा लिएका छन् ।

६) क्षयरोगमुक्त नेपाल अभियान मार्फत सवै वडामा वडा स्तरिय समिति गठन, वडाहरुको सुक्ष्म योजना निर्माण र सम्भावित व्यक्तिको स्लाइड सङकलन कार्य भैइरहेका छन् ।

७) यस नगरपालिका भित्र ७७४५ जना व्यक्तिहरुले स-शुल्क र २२९८ जना जेष्ठ नागरिकले निःशुल्क गरी कुल १००४३ जनाले स्वास्थ्य विमा गराई स्वास्थ्य विमा मार्फत स्वास्थ्य सेवाको पहुँचमा आवद्ध भएका छन् ।

# स्वास्थ्य शाखा तर्फ


हलेसी तुवाचुङ नगरपालिका
स्वास्थ्य चौकी मंगलटार
स्वास्थ्य चौकी वर्थाङ सेन्टर
TATA


हलेसी तुवाचुङ नगरपालिका वडा नं.-२, डिकुवा अन्तर्गत शहरी स्वास्थ्य केन्द्र छोम्पाङ नवनिर्मित भवन नगर प्रमुख श्री विमला राई ज्यू र नगर उप प्रमुख श्री रमेश कुमार राउत ज्यूको बाहुलीबाट समुद्घाटन सुसम्पन्न भयो।
इंती सम्बत् २०८० साल फागुन १९ गते रोज ७ शुभम्



# कृषि तथा पशु विकास शाखा तर्फ

१) व्यावसायिक भैसीपालन प्रवर्द्धनका लागि ५० जना कृषकहरुलाई भैसी खरिदका लागि अनुदान प्रदान गरिएको र उक्त अनुदानबाट किसानहरुले ५० वटा भैसी खरिद गरी सबै भैसीहरुको पशु विमा समेत गरिएको छ ।
२) कृषकको उत्पादन दुधलाई बजार सुनिश्चित गर्न यस नगरपालिकाको वडा नं. ७ महादेवस्थानमा डेरी सञ्चालनमा ल्याइएको छ ।
३) तरकारी खेतिको विस्तार, बजारको सुनिश्चितता र तरकारीजन्य वस्तुहरुको वाह्य आयतलाई रोक्न हलेसीमा कृषि मार्ट सञ्चालनमा ल्याइएको छ ।
४) कागति खेती प्रवर्द्धनका लागि १९ वटा सिचाई पोखरी निर्माण र करिव २ हेक्टरमा क्षेत्र विस्तार गरिएको छ ।
५) शहरी क्षेत्र लक्षित ताजा तरकारी उत्पादन कार्यक्रम अन्तर्गत २८० घरधुरीले प्लाष्टिक टनेल निर्माण गरी मौसमी तथा बमौसमी तरकारी खेती गरिरहेका छन् ।
६) व्यावसायिक केराखेती प्रबर्द्धनका लागि ३० जना किसानले करिव १० हेक्टरमा खेती गरिरहेका छन् ।
७) नगरपालिका भित्रका ११००० खसीबाख्रालाई PPR Vaccine, २२०० गाईगोरुलाई खोरेत विरुद्धको भ्याक्सिन र १७० वटा कुकुरलाई रेविज विरुद्ध भ्याक्सिन लगाएको छ ।
८) पशुहरुको लागि कृत्रिम गर्भधारण कार्यक्रम मार्फत ४६ वटा पशुहरुलाई कृत्रिम गर्भधारण कार्यक्रम सञ्चालन गरिएको छ ।

नगरपालिकाबाट करिव १८०० वटा खसीबोका निकासीबाट करिव रु ३ करोड ८० लाख र ६०० सुगुर/बंगुर निकासीबाट रु १ करोड ४० लाख गरि कुल रु ५ करोड २० लाख नगरबासीले आम्दानी प्राप्त गरेका छन्

# कृषि तथा पशु विकास शाखा तर्फ









भैसी प्रवर्धन कार्यक्रम सम्बन्धी कृषकहरुसँगको छलफल

# महिला तथा बालबालिका शाखा तर्फ

१) महिलाहरुको आर्थिक क्षेत्रमा विकास गर्नका लागि १६ वटा आमा समुहहरुलाई विउपुँजीको रुपमा १ लाखको दरले अनुदान वितरण गरिएको छ ।

२) घरायसी कार्यबोझ घटाउन र सहज रुपमा कार्यसम्पादन गर्नका लागि ३८ (न.पा.-२०, वडा-१८) वटा आमा समूहहरुलाई विद्युतीय मिल वितरण गरिएको छ ।

३) अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण, अपाङगता परिचय पत्र वितरण तथा आवश्यक्ता पहिचना सम्बन्धी ११ वटै वडामा शिविर सञ्चालन गरिएको र उक्त शिविरबाट ४८४ जनाले विभिन्न प्रकारको सेवा प्राप्त गरेका छन् ।

४) अपाङ्गता भएका व्यक्तिहरुको पालिका स्तरीय संस्था दर्ता, ११ वटा मिलिजुली समुह गठन र विउ पुँजीको रुपमा प्रति समुह रु ५० हजारका दरले अनुदान प्रदान गरिएको छ ।

५) अपाङ्गता भएका व्यक्तिहरु (रेनुका कार्की-८, स्वस्तिमा राई-१, बृदिना दाहाल-४, नविन भुजेल-१) लाई थप स्वास्थ्य उपचारका लागि आर्थिक सहयोगप्रदान गरिएको छ ।

६) बालिका विकास बचत कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ (पहिलो संशोधन २०७८) बमोजिम १५७ जना वालिकाहरुलाई बचत कार्यक्रममा समावेश गरिएको छ ।

# महिला तथा बालबालिका शाखा तर्फ










# श्रम रोजगार सेवा शाखा तर्फ

१) प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ९५ जनाले न्युनतम् १०० दिनका रोजगारी प्राप्त गरेका छन् ।

२) प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा न्यूनतम रोजगारी प्राप्त गर्नका लागि यस आ.व.मा १५७३ (पुरुष ११४२, महिला ४३१) जनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरिएको छ ।

३) हलेसी तुवाचुङ नगरपालिकाको रोजगार रणनीति, २०८१ को मस्यौदा तथा खाका निर्माण भएको छ ।

४) श्रमको सम्मान राष्ट्रको अभियान र अनलाइन श्रम स्वीकृत सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

# सामाजिक संरक्षण र सुरक्षा तर्फ

१) पञ्जीकरण तथा सामाजिक सुरक्षा कार्यक्रमतर्फ ३ हजार ८ सय १६ जनालाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ साथै १ हजार ८ सय ६३ जनाको व्यक्तिगत घटना दर्ता भएको छ ।

# उद्यम बिकास शाखा तर्फ

१) गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमबाट २८ जनालाई एक महिने हलुका सवारी साधन चलाउने (Driving) तालिम सञ्चालन गरिएको जस मध्ये करिव ६० प्रतिशतले सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त गरेको र २३ जना उद्यमीहरुलाई अचार बनाउने स्तरोन्नती तालिम प्रदान गरिएको छ ।

२) घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गरि व्यवसाय सञ्चालन गरिरहेका ६ उद्यमीहरुलाई सिलाई कटाइ मेसिन प्रदान गरिएको छ ।

३) कपासको धागो प्रशोधन तालिम सञ्चालन गरि ७ जनाले धागो प्रशोधन गर्न थालेका छन् ।

४) हलेसी तुवाचुङ नगरपालिका वडा नं. ८ धितुङका प्रेम बहादुर दर्नाल बराइनमा स्काफफोल्डिङमा काम गर्ने क्रममा हातको एउटा औंला गुमाएको र सामी कार्यक्रमको सहजिकरणले बैदेशिक रोजगार वोर्डबाट आर्थिक सहायता रु १ लाख ५ हजार प्राप्त गरेका छन् ।

५) वैदेशिक रोजगारीमा गएका र फर्किएका व्यक्तिहरुको वैदेशिक पार्श्वचित्र निर्माण कार्य भैइरहेको छ ।

६) सीपमूलक तालिमका लागि सिफारिस गरिएकोमा स्काफफोल्डिङ २ जना (बेदविक्रम अधिकारी ह.तु.न.पा.-४, हाल कतार र सुनम राई ह.तु.नपा.-३ हाल दुवई), सर्टिङ कार्पेन्टर होमराज कार्की ह.तु.न.पा.-४, इलेक्ट्रिसियन २ जना शुक्र बहादुर राई र रोशन राई ह.तु.न.पा. ३ ले एक महिने सीप विकास तालिम प्राप्त गरेका छन् ।

एकता वित्तीय साक्षरता कृषि तथा पशुपालन समुह दर्ता गरी नगरपालिकाबाट टनेल र थोपा सिंचाई सामाग्रीहरु प्रदान गरिएको छ ।

# स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको साझेदारीमा नगरपालिका भित्र गरिएका महत्वपूर्ण कार्यहरुः

१) राजापानी गैरी, धितुङ सडक विस्तार गरिएको छ ।
२) लावाचुङ पदमार्ग निर्माणाधिन रहेको छ ।
३) उर्गेन छोलिङगुम्बा निर्माणाधिन रहेको छ ।
४) हलेसी महादेवस्थान मन्दिरमा होमकुण्ड भवन निर्माण ।
५) तुवाचुङ मिनी ग्रेटवाल निर्माण गरिएको छ ।
६) माङ्खिम घर निर्माण गरिएको छ ।
७) च्यास्मिटार सालचौतारा कुर्ले रणनीतिक सडक विस्तार भएको ।
८) खोक्सेली बडहरे घोपाटार सडक विस्तार गरिएको छ ।
९) छाँपडाडा राबु मंगलटार सडक स्तरोन्नती गरिएको छ ।
१०)रकगार्डेन थप सौन्दर्यीकरणको कार्य गरिएको छ ।
११)अखौंले महादेववेसी सडक विस्तार गरिएको छ ।
१२)हलेसी देउराली ऐसेलुखर्क सडक स्तरोन्नती गरिएको छ ।
दुधकोशी घोपाटार लिफ्टिङ योजनको काम सम्पन्न गरिएको छ ।

# आ.व. २०८०/०८१ मा निर्माण भएका ऐन, नियम र कार्यविधिहरु:

१. लैससास नीति - २०८० (GESI policy)

२. आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि - २०८०

३. हलेसी तुवाचुङ नगरपालिकाको कर्मचारी आचारसंहिता– २०८०

४. हलेसी तुवाचुङ नगरपालिकाको छात्रवृति वितरण कार्यविधि– २०८०

५. हलेसी तुवाचुङ नगरपालिकाको साना सिंचाई आयोजना सञ्चालन निर्देशिका– २०८०

६. हलेसी तुवाचुङ नगरपालिकाको सार्वजनिक नीजि साझेदारी ऐन– २०८०

७. हलेसी तुवाचुङ नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चलन तथा व्यवस्थापन कार्यविधि– २०८०

८. हलेसी तुवाचुङ नगरपालिकाको कर्मचारी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण– २०८०

९. कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका–२०८०